# कोहलपुर नगरपालिका कार्यालय, कोहलपुर

गोविन्द प्रसाद पाण्डे
कार्यकारी अधिकृत

## आ व २०७२/०७३ मा हुने खरीद कार्यमा सहभागी हुन सूचिकृत हुने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति २०७२/०४/२५

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली , २०६४ को नियम ७० अनुसार विभिन्न खरीद सम्वन्धी सूचनाको अभिलेख राख्ने प्रयोजनका लागि खरीदको प्रकृति अनुसार आपुर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवाप्रदायक र गैह्रसरकारी संस्था समेतको छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था वमोजिम यस कार्यालयबाट आ . व. ०७२/०७३ मा हुने विभिन्न खरीद सम्वन्धी काम कारवाहीमा संलग्न हुन इच्छुक योग्य फर्म संघ संस्था वा व्यक्तिहरुलाई यस कार्यालयबाट उपलब्ध हुने आबेदन फाराममा आफु सूचिकृत हुन चाहेको समुह स्पष्ट संग खोली यो सूचना प्रकासित भएका मितिले २० दिनभित्र देहाएका शर्तहरुको अधिनमा रही यस कार्यालयमा आवेदन गर्नुहुन सूचित गरिएको छ । यस सम्वन्धी सूचना यस कार्यालयको वेभसाइट www.kohalpurmun.gov.np मा गई हेर्न र डाउनलोड गर्न पनि सकिनेछ ।

१ आवेदनसाथ निम्न अनुसारका कागजातका प्रतिलिपीहरु एक-एक प्रति संलग्न रहेको हुनुपर्नेछ ।

क.फर्मदर्ता वा सम्वन्धित व्यवसाय सेवा गर्न प्राप्त नवीकरण भएको इजाजत पत्र ।

ख.मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र वा स्थायी लेखा नं प्रमाणपत्र ।

ग. प्रचलित कानून वमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने आ व२०७०/०७१ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर विवरण बुझाइ कर चुक्ता प्रमाणपत्र लिन बाँकी भए सम्वन्धित कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण ।

घ. व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ङ. नेपाल वाहिर दर्ता भएको संघ संस्था वा विदेशी नागरिकको हकमा नेपालभित्र कारोवार गर्न पाएको स्वीकृति वा इजाजतपत्रको प्रतिलिपी ।

च. सूचिकृत हुन चाहेको समुहको कार्य सम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण ।

२. आवेदनमा कुनै सार्वजनिक निकायसंग सम्झौता भए वमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकी कर दस्तुर तथा दायित्व बाँकी नभएको एवं प्रचलित कानून वमोजिम त्यस्तो काम गर्न प्रतिवन्ध नलागेको वा कालो सूचीमा नपरेको भनी आवेदकले घोषणा गरेको हुनु पर्नेछ ।

३. यस वमोजिम सूचिकृत हुदैमा कुनै फर्म संघ संस्था वा व्यक्ति सार्वजनिक खरीद ऐन २०६३ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम तोकेको योग्यता पुरा नगरी खरीद संवन्धी कारवाहीमा सहभागी हुन सक्ने छैन । मौजुदा सूचिमा सूचिकृत भएकाहरु मध्ये कार्यालयले आवश्यक्ता अनुसार खरीद कार्यामा सहभागी गराउन सक्नेछ ।

४. सूचिकृत भएको फर्म संघ संस्था वा व्यक्तिले यस कार्यालयको खरीद संवन्धी कार्यमा संलग्न भएमा प्रचलित कानुन वमोजिम कर विजक जारी गर्नुपर्नेछ ।

५. सूचिकृत हुन पेश गर्नुपर्ने निवेदनको ढाँचा यस कार्यालयबाट वा यस कार्यालयकको वेभ साइट www.kohalpurmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

५. यस सूचनामा नपरेका अन्य कुराहरुका हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार हुनेछन् ।

कोहलपुर नगरपालिका कार्यालय, कोहलपुर, बाँके

गोविन्द प्रसाद पाण्डे
कार्यकारी अधिकृत

## खरीद सम्वन्धी कामकारवाहीका लागि सूचिकृत हुने समुहहरु

| समुह | सूचिकृत गर्ने कार्य | कामको संक्षिप्त विवरण |
|---|---|---|
| क मालसामान आपुर्ति सम्वन्धी | | |
| क१ | स्टेशनरी तथा मसलन्द सामान आपुर्ति कार्य | कार्यालयमा प्रयोगहुने कागज, कलम, मसी, फायल, रजिष्टर, गम लगाएतका स्टेशनरी तथा मसलन्द सामानहरु आपुर्ति गर्ने कार्य । |
| क२ | छपाइ सम्वन्धी कार्य | कार्यालयलाई आवश्यक पर्ने लेटरप्याड, फाराम, रजिष्टर, प्रतिवेदन, पुस्तक, बुकलेट बुलेटिन, ब्रुसर, पत्रपत्रिका, खाताकिताबहरु लगाएतको छपाइगर्ने कार्य |
| क३ | फर्निचर तथा फिक्चर सम्वन्धी कार्य | काठ, स्टिल तथा प्लाष्टिक लगायतका विभिन्न फर्निचरहरु, फिक्चर तथा फर्निसिङ लगायतका मालसामान आपुर्ति गर्ने कार्य । |
| क४ | इलेक्ट्रोनिक्स उपकरणहरु आपुर्ति कार्य | कम्युटर, ल्यापटप, सर्भर, प्रिन्टर, फोटोकपी मेसीन, फ्याक्स मेसिन, टेलिफोन इन्टरकम, नेटवर्किङ लगाएतका सामान तथा सो सम्वन्धी सेवा दिने कार्य । |
| क५ | सवारी साधन तथा सो का पाटपुर्जा आपुर्ति कार्य | साइकल, मोटरसाइकल, हलुका सवारी साधनका पाटपुर्जा, टायर, ट्युब लगायतका पार्टस् आपुर्ति तथा जडान सम्वन्धी कार्य । |
| क६ | मेसिनरी तथा अन्य उपकरणहरु | अन्य इलेक्ट्रोनिक उपकरणहरु, सर्भे उपकरणहरु, लगाएतका इलेक्ट्रोनिक्स समुहमा नपरेका औजार उपकरणहरु |
| क७ | इलेक्ट्रीकल सामानहरु | हिटर, कुलर, पंखा, लगाएत विद्युत वाइरिङ सम्वन्धी तार, स्वीच, वल्व, ट्युबलाइट तथा विद्युतीकरणमा आवश्यक पर्ने अन्य सरसामान आपुर्ति र सो सम्वन्धी सेवा दिने कार्य । |
| क८ | विज्ञापन सूचना प्रकाशन तथा प्रशारण | रेडियो टेलिभिजन तथा पत्रपत्रिका लगायतका माध्यमबाट विज्ञापन तथा सूचनाको प्रकाशन तथा प्रशासण गर्ने गराउने सम्वन्धी कार्य |
| क९ | सूचना प्रविधि तथा सफ्टवेर सम्वन्धी | अभिलेख सूचना तथा तथ्याङ्क भण्डारण विश्लेषण तथा प्रतिवेदन सम्वन्धी सफ्टेवर तथा प्रोगामहरुको आपुर्ति सम्वन्धी कार्य |
| क१० | इन्टरनेट तथा सञ्चार सेवा | सिधै वा अन्य कम्पनीको मध्यस्थ भइ इन्टरनेट सेवा नोटिस बोर्ड सेवा दिने कार्य |
| क११ | खानेपानी आपुर्ति तथा धारा जडान सम्वन्धी कार्य | मिनरल वाटर जार तथा बोतल ट्याङ्करबाट खानेपानी आपुर्ति खानेपानीका लागी इनार ट्युबेल धारा जडान तथा फिटिङ लगायतका कार्य । |
| क१२ | इन्धन तथा अन्य इन्धन आपुर्ति कार्य | पेट्रोल, डिजेल, मट्टीतेल, एल पि ग्याँस, दाउरा, कोइला, इन्भर्टर, लुब्रीकेन्ट्स लगायतका सामान आपुर्ति कार्य |
| क१३ | सरसफाइ स्यानिटेशन का कार्य | शौचालय, धारा निर्माण एवं सरसफाइमा प्रयोगहुने विभिन्न उपकरण तथा सामाग्रीहरु |
| क१४ | मर्मत संभारका कार्यहरु | सवारी साधन, जेनेरेटर लगायतका अन्य मेसिनरी सामान तथा उपकरणहरुको मर्मत सम्वन्धी कार्य |
| परामर्श तथा अन्य सेवा तर्फ | | |

कोहलपुर नगरपालिका कार्यालय
कोहलपुर, बाँके
स्थापित-२०७१

प्रसाद पाण्डे
कार्यकारी अधिकृत

| | | |
|---|---|---|
| ख१ | अध्ययन अनुसन्धान प्राविधिक परामर्श लगायतका परामर्श सेवा दिने कार्य | विभिन्न विषयका इन्जिनियरिङ सर्भेक्षण, अध्ययन, अनुसन्धान तथा प्रतिवेदन तयार गरि दिने सम्वन्धी कार्य । |
| ख२ | सम्भाव्यता मूल्याङ्कन/ वातावरणीय प्रभावमूल्याङ्कन सम्वन्धी कार्यहरु | विभिन्न कार्यक्रम आयोजनाको सम्भाव्यता अध्ययन गर्ने, वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने र सो समवन्धी प्रतिवेदन दिने कार्य । |
| ख३ | राजस्व तथा आन्तरिक श्रोत सम्वन्धी सम्भाव्यता अध्ययन कार्य | यस नगरपालिकाको राजस्वका श्रोत, राजस्वको दायरा, राजस्व असुली, आन्तरिक आय बृद्धि, एकीकृत सम्पत्ति कर प्रणाली अवलम्वन तथा व्यवस्थित गर्ने जस्ता विषयमा परामर्श सेवा दिने कार्य । |
| ख४ | कुरियर सर्भिस | चिठ्ठीपत्र तथा स-साना पार्सल आदान प्रदान गर्ने सम्वन्धी कार्य |
| ख५ | कागजात अनुवाद सम्वन्धी कार्य | नेपाली वा अंग्रेजी भाषा एकबाट अर्कोमा अनुबाद गर्ने तथा यी भाषाबाट स्थानीय मातृभाषामा हुने अनुवाद सम्वन्धी कार्य । |
| ख६ | डकुमेन्ट्री वा बृतचित्र निर्माण कार्य | कार्यालयको काम तथा कार्यक्रम सम्वन्धी कुरा झल्किने गरी श्रव्यदृष्य निर्माण रेडियो पत्रिका, टेलिफिल्म तथा बृतचित्र निर्माण गरिदिने सम्वन्धी कार्य । |
| ख७ | विभिन्न यातायात ट्राभल एजेन्सी सम्वन्धी कार्य | हवाइ तथा बस टिकट बुकिङ अन्य यातायातका साधनको सेवा उपलब्ध गराउने एजेन्सी सम्वन्धी कार्यहरु । |
| ख८ | क्याटरिङ क्यान्टिन तथा खाजा नास्ता सम्वन्धी कार्य | क्याटरिङ सेवा, पाल, सायर, सामियाना, मेच, टेबुल आदि भाडामा उपलब्ध गराउने क्यान्टिन तथा खाजानास्ता उपलब्ध गराउने तथा तालीम गोष्ठी बैठक आदिका लागि हल भाडमा उपलब्ध गराउने कार्य । |
| गैह्रसरकारी संस्थाबाट प्रवाह हुने सेवा सम्वन्धी | | |
| ग१ | जनचेतना अभिबृद्धि सम्वन्धी कार्यहरु | नागरिक सचेतनाका लागि आयोजना गरिने चेतनामूलक कार्यक्रम, सडक नाटक सार्वजनिक सुनुवाइ जस्ता कार्यहरु |
| ग२ | अभिमूखिकरण मूलप्रवाहीकरण र सवलीकरण जस्ता कार्यहरु | साक्षरता कक्षा, महिला, पिछडिएका वर्ग, जनजाति, समुदायको सशक्तिकरण सवलीकरण तथा मूलप्रवाहीकरणका लागी सञ्चालनका हुने सचेतना कक्षा भेला प्रशिक्षण, गोष्ठी, तालिम जस्ता कार्यहरु गर्ने गराउने कार्य । |
| ग३ | वन तथा वातावरण संरक्षण / प्रवर्धन जस्ता कार्यहरु | वृक्षारोपन, विरुवा उत्पादन, वन, जंगल तथा बन्यजन्तुको संरक्षण, डढेलो नियन्त्रण हरित विकास योजना कार्यान्वयन सम्वन्धी कार्यहरु |
| ग४ | जनसहभागिता प्रवर्धन गरी स्थानीय स्तरमा गरिने निर्माण सम्वन्धी कार्यहरु | जनसहभागिता परिचालन गरी निर्माण हुने साना सिचाइ, तटवन्ध, खानेपानी योजना ग्रामीण सडक सामुदायिक भवन निर्माण सम्वन्धी कार्यहरु |
| निर्माण व्यवसाय समवन्धी कार्य | | |
| घ३ | भवन निर्माण तथा | भवन, सडक, सिचाइ, तटवन्ध, खानेपानी योजना जस्ता नयाँ संरचना निर्माण र |

| | | |
|---|---|---|
| | सार्वजनिक निर्माण एवं मर्मत सम्वन्धी कार्यहरु | निर्माणकै हैसियतमा मर्मत सम्भार गर्ने सम्वन्धी कार्यहरु । |
| ङ | अन्य सामाग्री तथा सेवा आपुर्ति सम्वन्धी कार्यहरु | माथिका समूह तथा उपसमूहमा नपरेका र खरीद गर्नुअधि सूचिकृत गर्नुपर्ने प्रकारका बस्तु सामाग्री सेवाहरु । यस समूहमा सूचिकृत हुने वा गराउने निकायले सम्वन्धित सेवको स्पेशीफिकेशन खुलाइ सूचिकृत हुनको लागि पेश गर्नुपर्नेछ । |

कोहलपुर नगरपालिका कार्यालय
कोहलपुर, बाँके
स्थापित-२०७१

गोविन्द प्रसाद पाण्डे
कार्यकारी अधिकृत

श्री कार्यकारी अधिकृत ज्यू ,
कोहलपुर नगरपालिका कार्यालय
कोहलपुर ,बाँके ।

विषयः सूचिकृत गरिपाउँ ।

प्रस्तुत विषयमा सार्वजनिक खरीद नियमावली , २०६४ को नियम १८ अनुसार त्यस कार्यालयबाट आ ब २०७२/०७३ मा हुने खरीद मध्ये निम्न समूहमा सूचिकृत गरिदिनुहुनका लागि निम्न अनुसारका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

सूचिकृत हुन चाहेको समूह र कार्य

| समूह | कामको छोटकरी नाम | समूह | कामको छोटकरी नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| समुहीकृत नगरेका कुनै काम भए सो कामको नाम र विवरण खुलाउनेः | | | |

म/ मेरो फर्म/ संस्था माथि उल्लेखित खरीद कारवाहीमा भाग लिन योग्य भई कुनै पेशा वा व्यवसायगत कसुरमा कुनै सजायमा परेको छैन । कुनै सार्वजनिक निकायसंग संझौता गरी जिम्मा लिएको कुनै काम अधुरो छाडेको वा संझौता विपरीत कार्य गरेको छैन। कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन कुनै प्रकारको कर दस्तुर तथा दायीत्व वाँकी छैन भनी स्वघोषना गर्दछु /गर्दछौ ।

संलग्न कागजातको विवरणः

१
२
३
४

आवेदकको
हस्ताक्षर
मिति
ठेगाना
मुख्य संपर्क व्यक्तिको नाम
फोन नं.
इमेल